# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.:२०८१/०८२**

**बैठक संख्या :** ०६-२०८१/०८२ **मिति :**२०८१/०८/१४

आज मिति २०८१ मंशिर १४ गते शुक्रबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | मिना |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खाम्बुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री नारायण अर्याल | आमन्त्रित | ९८५२६४४६९९ | |

१७. श्री प्रविण काइराई ,,
१८. रोशान सिंहराई ,,

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.:२०८१/०८२**

**बैठक संख्या :** ०६-२०८१/०८२ **मिति :**२०८१/०८/१४

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८१/०८/०३ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : 'रोङ गाउँपालिका, कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१' स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय ४ : कोशी प्रदेश सभाबाट स्वीकृत भएको 'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको 'रोङ गाउँपालिका, कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१' स्वीकृत गर्ने।

प्रस्ताव ५ : तह वृद्धिको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा।

निर्णय ५ : 'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा २७ को उपदफा (३) तथा 'रोङ गाउँपालिका, कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१' को दफा ३ को उपदफा (३) बमोजिम ३० (तीस) दिनको म्याद राखी तहवृद्धि सम्बन्धी सूचना जारी गर्ने।

प्रस्ताव ६ : तह वृद्धि सिफारिस समिति गठन गर्ने सम्बन्धमा।

निर्णय ६ : 'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' को दफा २७ को उपदफा (४) अनुरुप कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न 'रोङ गाउँपालिका, कर्मचारीको तह वृद्धि सम्बन्धी

कार्यविधि, २०८१' को दफा ५ बमोजिम देहायका कर्मचारी रहने गरी 'तह वृद्धि सिफारिस समिति' गठन गर्ने :

**देहाय** :

(क) श्री विनोद कुमार चौहान (प्रमुख प्रशासकीय अधिकृत) : अध्यक्ष

(ख) श्री श्रुती कुमारी तामाङ (अधिकृत सातौं, शिक्षा) : सदस्य

(ग) श्री बाबुराम घिमिरे (अधिकृत सातौं, प्रशासन) : सदस्य

प्रस्ताव ७ : 'उपाध्यक्षसँग महिला' शीर्षकको रकम बाँडफाँड सम्बन्धमा ।

निर्णय ७ : रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेटको 'उपाध्यक्षसँग महिला' शीर्षकमा रहेको रु. ६,००,०००।- मध्येबाट रु. ३,८१,०००।- लाई देहाय बमोजिम बाँडफाँड गर्ने :

देहाय :

(क) उद्यमशील नौमती बाजा समूह (रोङ - २) को लागि पञ्चेबाजा खरिद तथा वितरण :

रु. ९०,०००।-

(नपुग रकम २ नं. वडातर्फको 'दलित कार्यक्रम' मा रहेको रु. ५०,०००।- बाट व्यहोर्ने ।)

(ख) संगिनी महिला समूह (रोङ - ३) को लागि पञ्चेबाजा खरिद तथा वितरण:

रु. १,४०,०००।-

(ग) भुजेल महिला समूह (रोङ - ३) को लागि परम्परागत भेषभूषा, प्लाष्टिक कुर्सी र साउण्ड सिस्टम खरिद तथा वितरण:

रु. १,३१,५००।-

(घ) स्वास्थ्य स्वयंसेविका दिवसमा चियाखाजा खर्च : रु. २०,०००।-

प्रस्ताव ८ : 'रोङ कृषि बजार तथा स्टल निर्माण' योजनाको म्याद थप गर्ने सम्बन्धमा ।

निर्णय ८ : रोङ गाउँपालिकाको गत आर्थिक वर्ष २०८०/०८१ मा सम्झौता भई कार्यान्वयन भइरहेको 'रोङ कृषि बजार तथा स्टल निर्माण' योजनाको म्याद थप सम्बन्धमा उक्त योजना उपभोक्ता समितिको बैठकको निर्णय, ३ नं. वडा कार्यालयको सिफारिस, प्राविधिक फाँटको राय समेतका आधारमा उक्त योजनाको अवधि मिति : २०८१/१०/३० गतेसम्मका लागि थप गर्ने । उक्त योजनाको लागि चालू आर्थिक वर्षका लागि रोङ गाउँपालिकाकाको लागि कोशी प्रदेश सशर्त अनुदानको 'कृषि बजार निर्माण कार्यक्रम' शीर्षकमा प्राप्त रु. ३० लाखबाट भुक्तानी दिने र नपुग रकम रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत बजेटको 'लागत साझेदारी' शीर्षकबाट भुक्तानी दिने ।

प्रस्ताव ९ : श्री जिर्मले आधारभूत विद्यालयको भवन रंगरोगन गर्ने सम्बन्धमा ।

निर्णय ९ : स्वीकृत लागत अनुमानका आधारमा रोङ गाउँपालिका, वडा नं. ६ स्थित श्री जिर्मले आधारभूत विद्यालयको भवन रंगरोगन गर्ने। सो बापतको रकम 'मर्मत संभार' बाट भुक्तानी दिने।

प्रस्ताव १० : एक्स्काभेटरको हेल्पर राख्ने सम्बन्धमा।

निर्णय १० : कार्यालयको नाममा रहेको एक्स्काभेटरको लागि रोङ गाउँपालिका वडा नं. १ बडहरे निवासी सुसन राईलाई हेल्परका रुपमा दैनिक ज्यालादारीका हिसाबले कामकाजमा लगाउने।

प्रस्ताव ११ : अन्तर माध्यमिक विद्यालय वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने सम्बन्धमा।

निर्णय ११ : रोङ गाउँपालिका क्षेत्रभित्रका माध्यमिक तहका सामुदायिक विद्यालयका विद्यार्थीहरुको सहभागिता रहने गरी अन्तर माध्यमिक विद्यालय वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने । उक्त वक्तृत्वकलाको विषय 'रोङ गाउँपालिका र अभिभावक शिक्षा' रहने। उक्त प्रतियोगिता रोङ गाउँपालिका, वडा नं. २ स्थित श्री शान्तिपुर माध्यमिक विद्यालयमा गर्ने। सो प्रतियोगिताको व्यवस्थापन गर्ने जिम्मा उक्त शान्तिपुर माध्यमिक विद्यालयलाई नै दिने। उक्त कार्यक्रममा लागेको खर्च रोङ गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत बजेटको 'आर्थिक सहायता' शीर्षकबाट भुक्तानी दिने।

प्रस्ताव १२ : 'रोङ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४' मा थप व्यवस्था गर्ने सम्बन्धमा।

गर्ने सम्बन्धमा।

निर्णय १२ : : 'रोङ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४' मा देहाय बमोजिम थप व्यवस्था गर्ने :

७ क. आयोजनाको म्याद थप : (१) सम्झौतापत्रमा तोकिएको म्यादभित्र कार्य सम्पन्न हुन नसक्ने परिस्थिति देखा परेमा उपभोक्ता समितिले मनासिब कारण खुलाई आयोजनाको म्याद थपका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ। यस्तो निवेदन आयोजनाको म्याद सकिनुभन्दा कम्तीमा सात दिन अगावै दिनु पर्नेछ। उक्त निवेदनसाथ 'म्याद थप गर्नका लागि निवेदन दिने' विषयको समितिको बैठकको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गर्नु पर्नेछ।

(२) आयोजनाको म्याद थपको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले पूर्वाधार शाखालाई आयोजनास्थलको स्थलगत अवलोकन गराई प्रतिवेदन पेश गर्न पत्राचार गर्नेछ। प्राविधिक प्रतिवेदनसहितको रायका आधारमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा १ महिना म्याद थप गर्न सक्नेछ। प्रमुख प्रशासकीय अधिकृतले एकपटकभन्दा बढी म्याद थप गर्न सक्नेछैन।

(३) कुनै पनि आयोजनाको १ महिनाभन्दा बढी अवधि वा एकपटकभन्दा बढी पटक म्याद थप गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाको निर्णय आवश्यक पर्नेछ। गाउँ कार्यपालिकाको निर्णय गर्नुपर्ने अवस्थामा पनि उपदफा १ बमोजिमका कागजात अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

(४) कुनै पनि उपभोक्ता समितिले म्याद थप नगरी म्याद नाघेर कार्यसम्पन्न गरी भुक्तानी लिन आएमा कुल सम्झौता रकमको १०% मा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५% का दरले म्याद नाघेको जम्मा दिनलाई गुणन गरी हुन आउने रकम पूर्वनिर्धारित क्षतिपूर्ति कटाई बाँकी हुन आउने रकम मात्र भुक्तानी दिइनेछ । तर पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा कुनै पनि उपभोक्ता समितिले सम्झौता बमोजिमको कार्य सम्पन्न गर्ने दायित्वबाट मुक्त हुने छैन ।

प्रस्ताव १३ : 'रोङ गाउँपालिकाको साना सिंचाइ आयोजना सञ्चालन निर्देशिका, २०८१' स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय १३ : : 'रोङ गाउँपालिकाको साना सिंचाइ आयोजना सञ्चालन निर्देशिका, २०८१' स्वीकृत गर्ने ।

प्रस्ताव १४ : रु. १ बचतको फोकल पर्सनहरुलाई थप आर्थिक सुविधा प्रदान गर्ने सम्बन्धमा ।

निर्णय १४ : 'अध्यक्षसँग विद्यार्थी कार्यक्रम' अन्तर्गत रु. १ बचतको फोकल पर्सनहरुलाई देहाय बमोजिम थप आर्थिक सुविधा प्रदान गर्ने र सो सुविधा २०८१ साउनदेखि नै लागू हुने गरी प्रदान गर्ने :

**देहाय** :

(क) गाउँपालिकाका 'रु. १ बचत' फोकल पर्सनलाई मासिक रु. १,५००।-

(ख) गाउँपालिकाका 'रु. १ बचत' सहयोगीलाई मासिक रु. १,५००।-

(ग) 'रु. १ बचत' कार्यक्रममा १-५० विद्यार्थी सहभागी भएको विद्यालयका फोकल पर्सनलाई मासिक रु. ५००।-

(घ) 'रु. १ बचत' कार्यक्रममा ५१-२०० विद्यार्थी सहभागी भएको विद्यालयका फोकल पर्सनलाई मासिक रु. १,०००।-

(ङ) 'रु. १ बचत' कार्यक्रममा २०१ वा सोभन्दा बढी विद्यार्थी सहभागी भएको विद्यालयका फोकल पर्सनलाई मासिक रु. १,२००।-

(च) 'रु. १ बचत' कार्यक्रममा विद्यार्थी सहभागी नभएको विद्यालयको फोकल पर्सनलाई उक्त सुविधा प्रदान नगरिने ।

प्रस्ताव १५ : कार्यालयले भाडामा लिएका घर, भवनहरुको सरसफाईका लागि डोर हाजिरीमा सरसफाईकर्मीलाई काममा लगाउने सम्बन्धमा ।

निर्णय १५ : कार्यालयले भाडामा लिएका घर, भवनहरुको सरसफाईका लागि रोङ गाउँपालिका, वडा नं. - ६ निवासी प्रतिमा प्रधानलाई डोर हाजिरीमा काममा लगाउने । निजलाई काम गरेको दिनको प्रतिदिन रु. ६००।- का दरले भुक्तानी दिने ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

सही :

नाम : विनोद कुमार चौहान

पद : प्रमुख प्रशासकीय अधिकृत